

# घन बिरालो, त्रिकोण बिरालो

Sheela Preuitt, Praba Ram

Let's Read
The Asia Foundation



बिरालो घरको छानोमाथि छ ।
छानो त्रिकोण आकारको छ ।



बिरालो झ्यालमा बसेको छ ।

झ्याल चारकुने छ ।



म्याऊँ... म्याऊँ! घुर्र घुर्र
बिरालो काँप्दै कराइरहेको छ ।
बिरालोको टाउकोमाथि बरफको डल्लो छ ।
बरफको डल्लो घन आकारको छ ।



बिरालोसँग रङ्गीचङ्गी चङ्गा छ ।

चङ्गा चारकुने लाम्चो छ ।



बिरालो चारकुने पाटीमा छ ।
पाटी वर्ग आकारको छ ।



म्याऊँ... म्याऊँ...! क्वार.. क्वार...!

बिरालो खुसीले काठको मुढो कोतरिरहेको छ ।

मुढो सिलिण्डर आकारको छ ।



बिरालो चकटीमा बसेको छ ।

चकटी गोलो आकारको छ ।



बिरालो ऐना हेर्दै छ।

ऐना अण्डाकारको छ ।





म्याऊँ.... म्याऊँ....! सुरुप्प...सुरुप्प !

बिरालो आइसक्रिम चाट्दै छ ।

आइसक्रिम सोली आकारको छ ।



बिरालो मौरीको महचाका नजिकै छ ।

महचाका षड्कोण आकारको छ ।



बिरालो चन्द्रमामा छ ।

चन्द्रमा हँसिया आकारको छ ।



म्याऊँ.... म्याऊँ.... ! क्वाप कुप्प !

भोकाएको बिरालोको समोसा खान्छ ।

समोसा पिरामिड आकारको छ ।




१ . त्रिकोण

२ . वर्ग

३ . चारकुने

४ . अण्डाकार

५. गोलाकार




१ . घनाकार

२ . सिलिण्डर आकार

३ . सोली आकार

४ . पिरामिड आकार

५. डल्लो/गोलाकार




अब चित्र हेरेर बिरालो र आकार हरू छुट्याउन सक्छौ ?

Brought to you by

The Asia Foundation

Let's Read is an initiative of The Asia Foundation's Books for Asia program that fosters young readers in Asia and the Pacific.
booksforasia.org
To read more books like this and get further information about this book, visit letsreadasia.org

**Original Story**
*Cube Cat, Cone Cat*, Author: Sheela Preuitt, Praba Ram. Published by Pratham Books, © Pratham Books. Released under CC-BY-4.0.

This work is a modified version of the original story. © The Asia Foundation, 2018. Some rights reserved. Released under CC-BY-4.0.
Contributing translators: Shameera Shrestha and Ankalal Chalaune